रास्कोट नगरपालिका, कालीकोट

**Raskot Municipality, Kalikot**

# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिबेदन

# Report on Child Marriage Prevalence Survey

**December 2023**

प्लान इन्टरनेशनल नेपाल

समाजिक जागरण तथा विकास
प्रतिष्ठान नेपाल
(सादा नेपाल)

मानव अधिकार तथा वतावरण
विकास केन्द्र, नेपाल
(हुरेन्डेक, नेपाल)

बिषयसूचि (Contents)


शब्दावली तथा परिभाषा ..... ३

कृतज्ञता ..... ४

साराँश (Summary) ..... ५

एकाइ १: परिचय (Introduction) ..... ८

१.१ पृष्ठभूमि ..... ८

१.२ परियोजनाको परिचय ..... ९

१.३ सर्वेक्षणको उद्देश्य ..... ९

एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology) ..... ११

२.१ पालिकाको पृष्ठभुमि ..... ११

२.२ अध्ययन ढाँचा, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू ..... ११

२.३ नमूना छनौट प्रक्रिया र नमूना ..... ११

२.४ तथ्याङ्क सङ्कलन विधि ..... १३

एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings) ..... १५

३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी ..... १५

३.२ बालबिवाह ..... १६

३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था ..... १६

३.२.२ बिवाहको प्रकार ..... १९

३.२.३ बिवाह दर्ताको चलन ..... २०

३.२.४ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था ..... २२

३.२.५ बिवाह तथा गर्भावस्थाको विवरण ..... २४

३.२.५ बाल बिवाहको अवस्था र कारणहरूको बारेमा जानकारी ..... २४

३.२.६ बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु ..... २६

३.२.७ बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी ..... २७

३.२.९ बाल बिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी ..... २७




जवानसिंह ...
प्रमुख प्रशासकीय अधिकृत

३.२.१० बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान... २८
३.२.११ बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ . २९
३.२.१२ बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी ............................................................ ३०
एकाइ ४ निष्कर्ष र सुझाब (Conclusion and Recommednations) ........ ३१
४.१ निष्कर्ष............................................................ ३१
४.२ सुझाब............................................................ ३३

## शब्दावली तथा परिभाषा

**<u>बाल बालिका :</u>** संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

**<u>बालविवाह :</u>** सामान्य अर्थमा "बाल विवाह" भन्नाले कानुनले तोकेको उमेर नपुगी वा बाल्य अवस्थामा गरिने विवाह हो । विभिन्न देशहरूको कानुनले आ–आफ्नो राष्ट्रिय परिप्रेक्ष्य अनुसार विवाह गर्ने उमेर तोकेको हुन्छ । नेपालको सन्दर्भमा एक वा दुवैजनाको उमेर २० बर्षभन्दा मुनिको विवाह बालविवाह हुन्छ । नेपालमा बालबालिकाको परिभाषा अन्तर्गत तोकिएको उमेर (१८ वर्ष) र बालविवाहको लागि तोकिएको उमेर (२० वर्ष) फरक फरक रहेको छ । यसर्थ, नेपालको सन्दर्भमा 'बाल विवाह' भन्नाले नेपालको प्रचलित कानुन अनुसार २० बर्षभन्दा कम उमेरमा गरिने विवाह हो ।

# सारॉंश (Summary)

कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा बाल बिवाह व्यापकता सम्बन्धी सर्वेक्षण २०७९ मसिर २७ देखि  २०८० मसिर २६ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । कुल मिलाएर सबै वडाहरुबाट १५३ (महिला ८६ र पुरुष ६७) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समग्रमा, ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ६५ प्रतिशत ब्राह्मण/क्षेत्री र ३५ प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । यसरी नै उमेरगत रुपमा, ४४ प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ३८ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, १२ प्रतिशत उत्तरदाता ६१ वर्ष वा सो भन्दा माथिका र ७ प्रतिशत उत्तरदाता २० वर्ष मुनिका थिए ।

## सर्बेक्षणको सार

समग्रमा ७७ (४०.५० प्रतिशत महिला तथा ३६.५० प्रतिशत पुरुष) प्रतिशत (सन् २०२२ मा ८० प्रतिशत) सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो ।

विगत चार बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ६७ प्रतिशत, सन् २०२१ मा ६१ प्रतिशत, सन् २०२२ मा ५१ प्रतिशत र सन् २०२३ मा ३२ प्रतिशत बाल बिवाह र छिटो बिवाहको दर पाईयो जुन अझै बाल बिवाह मुक्त घोषणा गर्न तोकेको दर भन्दा बढी नै रहेको देखिन्छ ।

सन् २०२३ मा समग्रमा ३२ प्रतिशत बाल बिवाह भएको मध्ये ९ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने २३ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ ।

जम्मा बिवाह भएको मध्ये ७ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने १५ प्रतिशत महिलाहरुको र ७ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो ।

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी १८.२७ प्रतिशत दलित समुदायमा भएको पाईयो भने १३.४३ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो ।

सन् २०२३ अवधिमा जम्मा भएको बिवाह मध्ये करिब ३ (२६८ मध्ये ९) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि ९७ (२६८ मध्ये २५९) प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । तर बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह गरी दिएको घटना पाईएन । आफ्नै ईच्छाले बाल बिवाह गरेको मध्ये ७१ प्रतिशत महिलाको र बाँकि २९ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो ।

२० वर्ष उमेर पछि बिवाह भएको (१८३) मध्ये जम्मा २६ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जसमा १५ प्रतिशत महिलाहरुको र पुरुषहरुको हकमा ११ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो ।

सन् २०२३ मा बाल बिवाह भएको ३२ प्रतिशत मध्ये अधिकतम २३ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म र वाँकि नगन्य प्रतिशत मात्र स्नातक वा सो भन्दा माथि पढाई भएकामा बाल बिवाह भएको पाईयो ।

सन् २०२३ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये पनि १५ प्रतिशत नै महिलाहरु गर्भवती भएको पाईएको छ जुन धेरै नै हो जसले चाँडै गर्भवति हुने चलन रास्कोट नगरपालिकामा रहेको देखाउँछ।

७४ प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर, ६६ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५२ प्रतिशत उत्तरहरु कडा कानुन लागु गरेर, ३७ प्रतिशत उत्तरहरु समुदायमा अनिवार्य शिक्षा लागु गरेर र १८ प्रतिशत उत्तरहरु बाल क्लब तथा सँरक्षण समितीहरु गठन तथा सहभागि गराएर यस समुदायमा रहेको बाल बिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सक्ने सहभागिहरुले बताईन् ।

सबै भन्दा बढी ७० प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ६५ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने र ६४ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने बाल बिवाहका नकारात्मक असरहरु हुने सहभागिहरुले बताएकाछन् ।

सबै भन्दा बढी ७२ प्रतिशत उत्तरहरु स्वत बिवाह बदर हुने, ६३ प्रतिशत उत्तरहरु बिवाह दर्ता नहुने, ३६ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीलेबिवाह गर्नु हुदैन वा गराउनु हुदैन र २७ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) भन्ने बाल बिवाहको कानुनी प्राबधान रहेको जानकारी सहभागिहरुलाई भएको पाईयो । तर कुल उत्तरदाता (१५३) मध्ये करीब ७% (१०) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो ।

८६ प्रतिशत उत्तरहरु पुलिसमा, ४६ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, २७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, १० प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा र २४ प्रतिशत उत्तरहरु निगरानी समूहमा बाल बिवाह भएको खण्डमा रिपोर्ट गर्नु पर्छ भन्ने सहभागिहरुलाई जानकारी भएको पाईएकोछ ।

५५ प्रतिशत प्रतिक्रियाहरू पुलिसले, ४१ प्रतिशत प्रतिक्रियाहरू बाल क्लब र सँजालले, ३२ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने त्यसरीनै ३० प्रतिशत युवा क्लब र सँजालले, २० प्रतिशत परिवारले र १६ प्रतिशत पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् ।

## सुझाबहरु

बाल बिवाहको चलन भएको वडाहरुमा जस्तै दलित समुदाय भएको गाउहरुमा विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि वडा कार्यालयहरु पालिकासँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहभै सकेका बाल बालिकाहरुलाई लक्षित गरी बाल बिवाह भएता पनि ढिलो गर्भवति हुने वा ढिलो बच्चा जन्माउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाह र छिटो बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर पछि बिवाह भएको (१८३) मध्ये जम्मा २६ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जसमा १५ प्रतिशत महिलाहरुको बिवाह दर्ता भएको देखियो भने पुरुषहरुको हकमा ११ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो । तसर्थ २० वर्ष उमेर पछि बिवाह भएका सबैको बिवाह दर्ताको लागि वडा कार्यालयहरु सँग मिलेर बिवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।

समग्रमा सन् २०२३ मा अधिकतम २३ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म पढाई भएकाहरु बाल बिवाह भएको पाईयो तसर्थ बाल बिवाह उन्मूलनको लागि ति उमेर समुहका बाल बालिका तथा युवाहरुमा जनचेतनामा जोड दिनु जरुरी देखिन्छ ।

बिवाह अघि करिब २६५ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ४० (१५ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २२५ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो । तसर्थ कुनैपनि बाल बालिकालाई शिक्षाबाट बन्चित गराउनु नहुने हुनाले बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल बिवाह भै सकेकाहरुको पनि शिक्षालाई निरन्तरताको लागि पहल गर्नु पर्ने देखिन्छ ।

सन् २०२३ मा बिवाह भएका महिलाहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको साथ साथै जन्मान्तर तथा ढिलो गर्भवती सम्बन्धि जनचेतना समुदायमा तथा बिवाह भै सकेकाहरुमा पुर्याउनु पर्ने देखिन्छ ।

३४ प्रतिशत उत्तरहरु गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह भएका बताईन भने २६ प्रतिशत उत्तरहरु आफै भागेर बिवाह गर्ने गरेकोले र १३ प्रतिशत उत्तर साथिहरुको लहलहैमा लागेर बिवाह गर्ने भएकोले यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाह हुने बताईन् । यसर्थ पालिका तथा वडा कार्यालयहरु सँग समन्वय गरी गरिब वर्गको आय आर्जन बढाउन काम गर्नु पर्ने देखिन्छ ।

कुल उत्तरदाता (१५३) मध्ये ७ प्रतिशत (१०) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा जनचेतना जगाउन वडा कार्यालय पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।

# एकाइ १: परिचय (Introduction)

## १.१ पृष्ठभूमि

नेपालमा प्रचलित बालबिवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालबिवाहको प्रचलन बढी छ जस्मा २०–२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो बिवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा बिवाह भएको पाइन्छ । बालबिवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालबिवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालबिवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान (संविधान २०७२) ले बालबिवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालबिवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार, जोखिमपूर्ण कामबाट संरक्षणको अधिकार र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालबिवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ लाई अपनाएको छ, जसले बालबिवाह विरुध्द लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले २०३० सम्ममा बालबिवाह उन्मूलन गर्नेछ । यसले बालबिवाह अन्त्य गर्न बहु–क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण, बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा, बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउने परिवार र समुदायलाई सहभागि गर्ने, सेवाहरूमा पहुँच र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालबिवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने कालीकोटको रास्कोट गाउंपालिकामा बाल बिवाह , कम उमेरमा हुने बिवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझाबहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालबिवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

जवानसिंह बम
प्रमुख प्रशासकिय अधिकृत

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर कार्यपध्दतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृध्दि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृध्दिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाह नहोस ।

यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो बिवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ ।

यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४८२२ बालबालिका लाभान्वित हुनेछन ।

**परियोजनाको मूख्य उद्देश्यः**

"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृध्दि ।
- बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुाको आर्थिक अभिबृध्दिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो बिवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि ।

## १.३ सर्वेक्षणको उद्देश्य

सर्वेक्षणको समग्र उदेश्य यस पालिकामा बालबिवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउनु ।

- बालबिवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउनु ।
- सर्वेक्षणको नतिजाको आधारमा बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।
- सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

# एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology)

## २.१ पालिकाको पृष्ठभुमि

नेपालको कान्छो जिल्ला भनेर चिनिने कालिकोट जिल्लाको सबैभन्दा सानो तर अति सुन्दर, भौगोलिकरुपमा मिलेको नगरपालिका रास्कोट नगरपालिका हो । साबिकका स्यूना, सिपखाना र फुकोट गा वि स x?को भूभागलाई मिलाएर यस नगरपालिकाको स्थापना वि स २०७३ फागुन २७ गते भएको हो । प्रारम्भिक जनसंख्या २०७८ अनुसार यस गाउंपालिकामा ३०७६ घरपरिवारमा कुल जनसंख्या १६४६९ (पुरुष ८०५९ र ८४१० महिला) रहेको छ । यस नगरीमा प्रसिद्ध पर्यटकीय स्थलहरु शम्भुनाथ मन्दिर, देउरा मालिका मन्दिर, मलयागिरी पाटन, रास्कोटी राजाको दरवारको अवषेश, रानिवन रहेका छन् ।

## २.२ अध्ययन ढाँचा, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको एनोनिमस मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो ।


कालिकोटको रास्कोटा, सन्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो ।

यो सर्बेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।


## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२०७९ मसिर २७ देखि २०८० मसिर २६ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । रास्कोट पालिकाबाट सबै वडाहरू चयन गरिएको थियो । कुल मिलाएर, १५३ (महिला ८६ र पुरुष ६७) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समग्रमा, ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए । समुदायमा गणकहरुले बिवाह भएको घर पत्ता लगाउन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले बिवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो बिवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

| वडा न | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | १२ | ४८% | १३ | ५२% | २५ |
| २ | ८ | ७३% | ३ | २७% | ११ |
| ३ | ७ | ४४% | ९ | ५६% | १६ |
| ४ | ९ | ५३% | ८ | ४७% | १७ |
| ५ | १० | ६३% | ६ | ३८% | १६ |
| ६ | ९ | ५३% | ८ | ४७% | १७ |
| ७ | ३ | ४३% | ४ | ५७% | ७ |
| ८ | १८ | ६०% | १२ | ४०% | ३० |
| ९ | १० | ७१% | ४ | २९% | १४ |
| | **८६** | **५६%** | **६७** | **४४%** | **१५३** |




यो एक वर्षको सर्वेक्षणमा ६५ प्रतिशत ब्राह्मण/क्षेत्री र ३५ प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो ।



यो एक वर्षको सर्वेक्षणमा सबै भन्दा बढी ४४ प्रतिशत (६७ जना) २० देखि ४० बर्ष समूहका, ३८ प्रतिशत (५८ जना) ४१ देखि ६० बर्ष समूहका, १२ प्रतिशत (१८ जना) ६१ बर्ष वा सो भन्दा माथिका र बाँकि ७ प्रतिशत (१० जना) २० बर्ष मुनिकाले सहभागिता जनाएका थिए ।

## २.४ तथ्याङ्क सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टूलबक्स (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि निःशुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो। यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो।

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउपालिका/नगरपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए। गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६ तथ्याङ्क गुणस्तर, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सँकलन लागि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।

तथ्याङ्क सङ्कलन पश्चात सम्बन्धित साझेदार सँघसस्थाहरुका कर्मचारीहरुलाई तथ्याङ्क चेक जाँच र समिक्षाको लागि पठाईएको थियो र उहाँहरुबाट चेक जाँच र समिक्षा तथा रुजु गरी ठिक छ भने पछिमात्र तथ्याङ्क बिश्लेषण गरीएको थियो ।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

## २.७ अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ।

अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन्।

अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले बालबिवाहको न्यूनिकरणमा योगदान पुर्याएको पनि हुन सक्छ ।

# एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings)

## ३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी

तालिका १: बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी

| वडा | छ | % | छैन | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | २५ | १००% | ० | ०% | २५ |
| २ | १० | ९१% | १ | ९% | ११ |
| ३ | १३ | ८१% | ३ | १९% | १६ |
| ४ | १७ | १००% | ० | ०% | १७ |
| ५ | ११ | ६९% | ५ | ३१% | १६ |
| ६ | १५ | ८८% | २ | १२% | १७ |
| ७ | ३ | ४३% | ४ | ५७% | ७ |
| ८ | १७ | ५७% | १३ | ४३% | ३० |
| ९ | ७ | ५०% | ७ | ५०% | १४ |
| **जम्मा** | **११८** | **७७%** | **३५** | **२३%** | **१५३** |

यो अध्ययनमा सहभागि भएका १५३ घरपरिवार मध्य समग्रमा ७७ प्रतिशत (सन् २०२२ मा ८० प्रतिशत) सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर १ र ४ का सहभागिलाई बढी (१००%) थाह भएको पाईयो । वडागत हिसाबले हेर्दा वडा नम्बर ७ र ९ का सहभागिहरुलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा कम जानकारी भएको पाईयो ।

**तालिका २: लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेरको बारेमा ज्ञान**

| वडा नम्बर | ज्ञान भएको | | | | | | ज्ञान नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | १२ | ४८% | १३ | ५२% | २५ | १००% | ० | ०% | ० | ०% | ० | ०% | २५ |
| २ | ७ | ६४% | ३ | २७% | १० | ९१% | १ | ९% | ० | ०% | १ | ९% | ११ |
| ३ | ५ | ३१% | ८ | ५०% | १३ | ८१% | २ | १३% | १ | ६% | ३ | १९% | १६ |
| ४ | ९ | ५३% | ८ | ४७% | १७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| ५ | ५ | ३१% | ६ | ३८% | ११ | ६९% | ५ | ३१% | ० | ०% | ५ | ३१% | १६ |
| ६ | ७ | ४१% | ८ | ४७% | १५ | ८८% | २ | १२% | ० | ०% | २ | १२% | १७ |
| ७ | १ | १४% | २ | २९% | ३ | ४३% | २ | २९% | २ | २९% | ४ | ५७% | ७ |
| ८ | १० | ३३% | ७ | २३% | १७ | ५७% | ८ | २७% | ५ | १७% | १३ | ४३% | ३० |
| ९ | ६ | ४३% | १ | ७% | ७ | ५०% | ४ | २९% | ३ | २१% | ७ | ५०% | १४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ६२ | ४१% | ५६ | ३७% | ११८ | ७७% | २४ | १६% | ११ | ७% | ३५ | २३% | १५३ |


समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका ७७ प्रतिशत (४१ प्रतिशत महिला तथा ३७ प्रतिशत पुरुष) लाई मात्र बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण तालिका नम्बर ३ मा प्रश्तुत गरीएको छ ।

## ३.२ बालबिवाह

### ३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था

यस नगरपालिकाको विगत चार बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ६७ प्रतिशत, सन् २०२१ मा ६१ प्रतिशत, सन् २०२२ मा ५१ प्रतिशत र सन् २०२३ मा ३२ प्रतिशत बाल बिवाह र छिटो बिवाहको दर पाईयो जुन अझै बाल बिवाह मुक्त घोषणा गर्न तोकेको दर भन्दा बढी नै हो ।

विगत ४ वर्षको बाल विवाह र छिटो विवाहको तुलनात्मक स्थिति




**तालिका ३: वडागत अनुसार बिवाहको विवरण**

| वडा | १८ बर्ष मुनि | % | १८ देखि १९ बर्ष | % | जम्मा बालविवाह | % | २० बर्ष माथि | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ९% | १२ | २६% | १६ | ३५% | ३० | ६५% | ४६ |
| २ | २ | १०% | ५ | २४% | ७ | ३३% | १४ | ६७% | २१ |
| ३ | ५ | १६% | ४ | १३% | ९ | २८% | २३ | ७२% | ३२ |
| ४ | २ | ८% | ३ | १२% | ५ | २०% | २० | ८०% | २५ |
| ५ | २ | ७% | ११ | ३९% | १३ | ४६% | १५ | ५४% | २८ |
| ६ | १ | ३% | ७ | २४% | ८ | २८% | २१ | ७२% | २९ |
| ७ | ० | ०% | ६ | ४६% | ६ | ४६% | ७ | ५४% | १३ |
| ८ | ६ | ११% | ११ | २१% | १७ | ३२% | ३६ | ६८% | ५३ |
| ९ | २ | १०% | २ | १०% | ४ | १९% | १७ | ८१% | २१ |
| जम्मा | २४ | ९% | ६१ | २३% | ८५ | ३२% | १८३ | ६८% | २६८ |


सन् २०२३ मा ९ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने २३ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ । समग्रमा ३२ प्रतिशलको बाल विवाह भएको देखिन्छ । वडागत रुपमा विष्तृत विवरण तालिका ३ मा दिईएको छ ।

**तालिका ४: वडागत अनुसार बाल बिवाहको ४ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२० | | | सन् २०२१ | | | सन् २०२२ | | | सन् २०२३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | ८६ | ६२ | ७२ | ३९ | २१ | ५४ | ५८ | २९ | ५० | ४६ | १६ | ३५ |
| वडा न-२ | ८९ | ६० | ६७ | २९ | १९ | ६६ | ३५ | १३ | ३७ | २१ | ७ | ३३ |
| वडा न-३ | ६८ | २८ | ४१ | ५८ | ५० | ८६ | २६ | १५ | ५८ | ३२ | ९ | २८ |
| वडा न-४ | ९४ | ७६ | ८१ | ७५ | ५१ | ६८ | ३३ | २१ | ६४ | २५ | ५ | २० |
| वडा न-५ | ९२ | ५५ | ६० | ६४ | ४० | ६३ | २९ | २२ | ७६ | २८ | १३ | ४६ |
| वडा न-६ | ७६ | ७२ | ९५ | २३ | १२ | ५२ | ३४ | १९ | ५६ | २९ | ८ | २८ |
| वडा न-७ | १२८ | ९९ | ७७ | ४ | २ | ५० | १७ | ७ | ४१ | १३ | ६ | ४६ |
| वडा न-८ | १०८ | ४७ | ४४ | २७ | ६ | २२ | ३० | ११ | ३७ | ५३ | १७ | ३२ |
| वडा न-९ | ८६ | ५३ | ५३ | ४७ | २२ | ४७ | ३६ | १४ | ३९ | २१ | ४ | १९ |
| जम्मा | ८२७ | ५५२ | ६७ | ३६६ | २२३ | ६१ | २९८ | १५१ | ५१ | २६८ | ८५ | ३२ |

यस पालिकामा एक वर्षमा २६८ जनाको बिवाह भएका थियो । यसमा ८५ बालबिवाह वा छिटो बिवाहमा पर्दछन् जुन जम्मा बिवाहको ३२ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ६१ प्रतिशत र सन् २०२२ मा यो ५१ प्रतिशत थियो । समग्रमा १९ प्रतिशत अथवा उल्लेख्य रुपमा बालबिवाह वा छिटो बिवाह घटेको पाईयो । वडा नं ५, ७ र १ मा बालबिवाह वा छिटो बिवाह वढि छ भने वडा नं ४, ३ र ८ मा कम छ । तालिका ४ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

गत ४ बर्षको वडागत अनुसार वाल विवाहको तुलनात्मक प्रतिशत



यस पालिकाको वडा नम्बर १, ३ र ६ मा अघिल्लो ४ बर्षको बालबिवाह वा छिटो बिवाह उल्लेख्य रुपमा कमि आएको देखिन्छ । यो बर्ष वडा नम्बर ७ मा अघिल्लो बर्ष भन्दा बाल विवाह बढी भएको पाईयो जुन सन् २०२२ मा ४१ प्रतिशत थियो भने यो बर्ष बढेर ४६ प्रतिशत भएको छ ।

**तालिका ५: सन् २०२३ मा लैङ्गिक तथा वडागत बाल बिवाहको विवरण**

| वडा न | १८ बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | १८ देखि १९ बर्ष मा भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ४ | ९% | ० | ०% | ४ | ९% | ७ | १५% | ५ | ११% | १२ | २६% | ४६ |
| वडा न-२ | १ | ५% | १ | ५% | २ | १० % | ४ | १९% | १ | ५% | ५ | २४ % | २१ |
| वडा न-३ | ३ | ९% | २ | ६% | ५ | १६% | १ | ३% | ३ | ९% | ४ | १३% | ३२ |
| वडा न-४ | २ | ८% | ० | ०% | २ | ८% | २ | ८% | १ | ४% | ३ | १२% | २५ |
| वडा न-५ | १ | ४% | १ | ४ % | २ | ७% | ९ | ३२% | २ | ७% | ११ | ३९% | २८ |
| वडा न-६ | १ | ३% | ० | ०% | १ | ३% | ५ | १७% | २ | ७% | ७ | २४ % | २९ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ३ | २३% | ३ | २३ % | ६ | ४६% | १३ |
| वडा न-८ | ५ | ९% | १ | २% | ६ | ११% | ८ | १५% | ३ | ६% | ११ | २१% | ५३ |
| वडा न-९ | २ | १० % | ० | ०% | २ | १० % | २ | १० % | ० | ०% | २ | १०% | २१ |
| **जम्मा** | **१९** | **७%** | **५** | **२%** | **२४** | **९%** | **४१** | **१५%** | **२०** | **७%** | **६१** | **२३%** | **२६८** |

जम्मा बिवाह भएको मध्ये ७ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने १५ प्रतिशत महिलाहरुको र ७ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो ।

**तालिका ६: सन् २०२३ मा लैङ्गिक तथा वडागत बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारी बिवाह भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ११ | २४% | ५ | ११% | १६ | ३५% | १४ | ३०% | १६ | ३५% | ३० | ६५% | ४६ |
| वडा न-२ | ५ | २४% | २ | १०% | ७ | ३३% | ६ | २९% | ८ | ३८% | १४ | ६७% | २१ |
| वडा न-३ | ४ | १३% | ५ | १६% | ९ | २८% | १२ | ३८% | ११ | ३४% | २३ | ७२% | ३२ |
| वडा न-४ | ४ | १६% | १ | ४% | ५ | २०% | १३ | ५२% | ७ | २८% | २० | ८०% | २५ |
| वडा न-५ | १० | ३६% | ३ | ११% | १३ | ४६% | ६ | २१% | ९ | ३२% | १५ | ५४% | २८ |
| वडा न-६ | ६ | २१% | २ | ७% | ८ | २८% | १० | ३४% | ११ | ३८% | २१ | ७२% | २९ |
| वडा न-७ | ३ | २३% | ३ | २३% | ६ | ४६% | ४ | ३१% | ३ | २३% | ७ | ५४% | १३ |
| वडा न-८ | १३ | २५% | ४ | ८% | १७ | ३२% | २० | ३८% | १६ | ३०% | ३६ | ६८% | ५३ |
| वडा न-९ | ४ | १९% | ० | ०% | ४ | १९% | ९ | ४३% | ८ | ३८% | १७ | ८१% | २१ |
| **जम्मा** | **६०** | **२२%** | **२५** | **९%** | **८५** | **३२%** | **९४** | **३५%** | **८९** | **३३%** | **१८३** | **६८%** | **२६८** |

सन् २०२३ मा बाल बिवाह भएको मध्ये सबै भन्दा बढी वडा नम्बर ५ मा ३६ प्रतिशत र सबैभन्दा कम वडा नम्बर ४ मा १३ प्रतिशत महिलाहरुको बाल बिवाह भएको पाईयो भने पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर ७ मा २३ प्रतिशत र सबै भन्दा कम वडा नम्बर ९ मा ० प्रतिशत बाल बिवाह भएको पाईयो ।

**तालिका ७ : सन् २०२३ मा जातिगत तथा वडागत बाल बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण क्षत्री | % | दलित | % | जम्मा | % | ब्राहम्ण क्षत्री | % | दलित | % | जम्मा | % | |
| वडा न-१ | ८ | १७% | ८ | १७% | १६ | ३५% | २३ | ५०% | ७ | १५% | ३० | ६५% | ४६ |
| वडा न-२ | ४ | १९% | ३ | १४% | ७ | ३३% | १३ | ६२% | १ | ५% | १४ | ६७% | २१ |
| वडा न-३ | ५ | १६% | ४ | १३% | ९ | २८% | १७ | ५३% | ६ | १९% | २३ | ७२% | ३२ |
| वडा न-४ | ० | ०% | ५ | २०% | ५ | २०% | ९ | ३६% | ११ | ४४% | २० | ८०% | २५ |
| वडा न-५ | २ | ७% | ११ | ३९% | १३ | ४६% | ६ | २१% | ९ | ३२% | १५ | ५४% | २८ |
| वडा न-६ | ७ | २४% | १ | ३% | ८ | २८% | २१ | ७२% | ० | ०% | २१ | ७२% | २९ |
| वडा न-७ | १ | ८% | ५ | ३८% | ६ | ४६% | ५ | ३८% | २ | १५% | ७ | ५४% | १३ |
| वडा न-८ | ७ | १३% | १० | १९% | १७ | ३२% | ३१ | ५८% | ५ | ९% | ३६ | ६८% | ५३ |
| वडा न-९ | २ | १०% | २ | १०% | ४ | १९% | १४ | ६७% | ३ | १४% | १७ | ८१% | २१ |
| **जम्मा** | **३६** | **१३%** | **४९** | **१८%** | **८५** | **३२%** | **१३९** | **५२%** | **४४** | **१६%** | **१८३** | **६८%** | **२६८** |

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी १८.२७ प्रतिशत दलित समुदायमा भएको पाईयो भने १३.४३ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नम्बर ५ मा ३९ प्रतिशत वडा नम्बर ७ मा ३८ प्रतिशत र वडा नम्बर ४ मा २० प्रतिशत दलित समुदायमा बाल बिवाह र छिटो बिवाहको प्रचलन रहेको देखियो । त्यसरी नै ब्राम्हण क्षत्री समुदायको सन्दर्भमा हेर्नेहो भने सबै भन्दा बढी वडा नम्बर ६ मा २४ प्रतिशत वडा नम्बर २ मा १९ प्रतिशत र वडा नम्बर १ मा १७ प्रतिशत बाल बिवाह र छिटो बिवाहको चलन रहेको देखियो ।

## ३.२.२ बिवाहको प्रकार

**तालिका ८ : सन् २०२३ मा भएको बिवाहको प्रकार तथा वडागत बिवाहको विवरण**

| वडा न | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारि भएको बिवाह | | | | | | जम्मा बिवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकले गरी दिएको बिवाह | % | आफैले गरेको बिवाह | % | जम्मा | % | अभिभावकले गरी दिएको बिवाह | % | आफैले गरेको बिवाह | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | १६ | ३५% | १६ | ३५% | ० | ०% | ३० | ६५% | ३० | ६५% | ४६ |
| वडा न-२ | ० | ०% | ७ | ३३% | ७ | ३३% | २ | १०% | १२ | ५७% | १४ | ६७% | २१ |
| वडा न-३ | ० | ०% | ९ | २८% | ९ | २८% | ० | ०% | २३ | ७२% | २३ | ७२% | ३२ |
| वडा न-४ | ० | ०% | ५ | २०% | ५ | २०% | ० | ०% | २० | ८०% | २० | ८०% | २५ |
| वडा न-५ | ० | ०% | १३ | ४६% | १३ | ४६% | २ | ७% | १३ | ४६% | १५ | ५४% | २८ |
| वडा न-६ | ० | ०% | ८ | २८% | ८ | २८% | १ | ३% | २० | ६९% | २१ | ७२% | २९ |
| वडा न-७ | ० | ०% | ६ | ४६% | ६ | ४६% | ० | ०% | ७ | ५४% | ७ | ५४% | १३ |
| वडा न-८ | ० | ०% | १७ | ३२% | १७ | ३२% | ० | ०% | ३६ | ६८% | ३६ | ६८% | ५३ |
| वडा न-९ | ० | ०% | ४ | १९% | ४ | १९% | ४ | १९% | १३ | ६२% | १७ | ८१% | २१ |
| **जम्मा** | **०** | **०%** | **८५** | **३२%** | **८५** | **३२%** | **९** | **३%** | **१७४** | **६५%** | **१८३** | **६८%** | **२६८** |

सन् २०२३ अवधिमा जम्मा भएको बिवाह मध्ये करिब ३ (२६८ मध्ये ९) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि ९७ (२६८ मध्ये २५९) प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । बाल बिवाह र छिटो बिवाहको गरेका मध्ये सबै ८५ जनाले नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । बाल बिवाह र छिटो बिवाहको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ५ र ७ मा ४६ प्रतिशत र वडा नम्बर १ मा ३५ प्रतिशतले आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो ।

**तालिका ९: सन् २०२३ मा बाल बिवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार बिवाहको विवरण**

| वडा न | अभिभावकले गरिदीएको बिवाह | | | | | | आफैले विवाह गरेका | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | ११ | ६९% | ५ | ३१% | १६ | १००% | १६ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | ५ | ७१% | २ | २९% | ७ | १००% | ७ |
| वडा न-३ | ० | ०% | ० | ०% | ० | ०% | ४ | ४४% | ५ | ५६% | ९ | १००% | ९ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | ४ | ८०% | १ | २०% | ५ | १००% | ५ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | १० | ७७% | ३ | २३% | १३ | १००% | १३ |
| वडा न-६ | ० | ०% | ० | ०% | ० | ०% | ६ | ७५% | २ | २५% | ८ | १००% | ८ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ३ | ५०% | ३ | ५०% | ६ | १००% | ६ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | १३ | ७६% | ४ | २४% | १७ | १००% | १७ |
| वडा न-९ | ० | ०% | ० | ०% | ० | ०% | ४ | १००% | ० | ०% | ४ | १००% | ४ |
| **जम्मा** | **०** | **०%** | **०** | **०%** | **०** | **०%** | **६०** | **७१%** | **२५** | **२९%** | **८५** | **१००%** | **८५** |

सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह गरी दिएको घटना पाईएन । आफ्नै ईच्छाले ८५ जनाले बाल बिवाह गरेको मध्ये ७१ प्रतिशत महिलाको र बाँकि २९ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । आफ्नै ईच्छाले बिवाह गरेको बाल बिवाहको महिलाको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ९ मा १०० प्रतिशत वडा नम्बर ४ मा ८० प्रतिशत र वडा नम्बर ५ मा ७७ प्रतिशत आफै बिवाह गर्ने चलन रहेको देखियो । त्यसरीनै पुरुषको हकमा आफ्नै ईच्छाले बिवाह बाल बिवाह गरेको सबै भन्दा बढी वडा नम्बर ३ मा ५६ प्रतिशत वडा नम्बर ७ मा ५० प्रतिशत र वडा नम्बर १ मा ३१ प्रतिशत आफै बिवाह गर्ने चलन रहेको देखियो । यसरी समग्रमा कालिकोट जिल्लाको रास्कोट नगरपालिकामा पुरुषहरुको तुलनामा महिलाहरुले आफै बाल बिवाह गर्ने चलन रहेको पाईयो ।

## ३.२.३ बिवाह दर्ताको चलन

**तालिका १०: सन् २०२३ मा २० पारी भएको लैङ्गिक बिवाह दर्ता विवरण**

| वडा न | भएको | % | नभएको | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | ६ | २०% | २४ | ८०% | ३० |
| वडा न-२ | ७ | ५०% | ७ | ५०% | १४ |
| वडा न-३ | ३ | १३% | २० | ८७% | २३ |
| वडा न-४ | २ | १०% | १८ | ९०% | २० |
| वडा न-५ | ६ | ४०% | ९ | ६०% | १५ |
| वडा न-६ | ३ | १४% | १८ | ८६% | २१ |
| वडा न-७ | २ | २९% | ५ | ७१% | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा न-८ | | ९ | २५% | २७ | ७५% | ३६ |
| वडा न-९ | | ९ | ५३% | ८ | ४७% | १७ |
| | जम्मा | ४७ | २६% | १३६ | ७४% | १८३ |


२० वर्ष उमेर पछि बिवाह भएको (१८३) मध्ये जम्मा २६ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जस्मा सबै भन्दा बढी वडा नम्बर ९ मा ५३ प्रतिशत, वडा नम्बर २ मा ५० प्रतिशत र वडा नम्बर ५ मा ४० प्रतिशत रहको पाईयो । अधिकाँश अरु वडाहरुमा बिवाह भए पछि बिवाह दर्ता नगर्ने चलन कम रहेको देखियो ।

**तालिका ११: सन् २०२३ मा २० पारी भएको लैङ्गिक बिवाह दर्ता विवरण**

| वडा न | महिला | | | | | | पुरुष | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | % | नभएको | % | जम्मा | % | भएको | % | नभएको | % | जम्मा | % | |
| वडा न-१ | ३ | १०% | ११ | ३७% | १४ | ४७% | ३ | १०% | १३ | ४३% | १६ | ५३% | ३० |
| वडा न-२ | ४ | २९% | २ | १४% | ६ | ४३% | ३ | २१% | ५ | ३६% | ८ | ५७% | १४ |
| वडा न-३ | १ | ४% | ११ | ४८% | १२ | ५२% | २ | ९% | ९ | ३९% | ११ | ४८% | २३ |
| वडा न-४ | २ | १०% | ११ | ५५% | १३ | ६५% | ० | ०% | ७ | ३५% | ७ | ३५% | २० |
| वडा न-५ | ३ | २०% | ३ | २०% | ६ | ४०% | ३ | २०% | ६ | ४०% | ९ | ६०% | १५ |
| वडा न-६ | २ | १०% | ८ | ३८% | १० | ४८% | १ | ५% | १० | ४८% | ११ | ५२% | २१ |
| वडा न-७ | १ | १४% | ३ | ४३% | ४ | ५७% | १ | १४% | २ | २९% | ३ | ४३% | ७ |
| वडा न-८ | ५ | १४% | १५ | ४२% | २० | ५६% | ४ | ११% | १२ | ३३% | १६ | ४४% | ३६ |
| वडा न-९ | ६ | ३५% | ३ | १८% | ९ | ५३% | ३ | १८% | ५ | २९% | ८ | ४७% | १७ |
| **जम्मा** | **२७** | **१५%** | **६७** | **३७%** | **९४** | **५१%** | **२०** | **११%** | **६९** | **३८%** | **८९** | **४९%** | **१८३** |

२० वर्ष उमेर माथि बिवाह भएको (१८३) मध्ये जम्मा १५ प्रतिशत महिलाहरुको बिवाह दर्ता भएको देखियो भने पुरुषहरुको हकमा ११ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो । यो अध्ययनले रास्कोट नगरपालिकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो ।

सन् २०२३ मा २० पारी भएको बिवाहको बिवाह दर्ता जातिगत विवरण



यस पालिकामा सन् २०२३ मा २० पारी भएका बिवाहको तथ्याङ्क हेर्दा जम्मा ६ जना दलित समुदायले र ४१ जना ब्राम्हण क्षत्री समुदायले मात्र बिवाह दर्ता गरेको पाईयो ।

## ३.२.४ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था

तालिका १२: बिवाह हुँदाको शैक्षिक अवस्था अनुसार वडागत बिवाहको विवरण

| वडा नम्बर | २० वर्ष भन्दा कम उमेरको बिवाह | | | | | | | | २० बर्ष माथि भएको बिवाह | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहसम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | % | कहिले बिध्यालय नभएको | % | आधारभूत तहसम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | % | |
| वडा न-१ | २ | ४% | १४ | ३०% | ० | ०% | १६ | ३५% | १ | २% | ३ | ७% | १९ | ४१% | ७ | १५% | ३० | ६५% | ४६ |
| वडा न-२ | ० | ०% | ७ | ३३% | ० | ०% | ७ | ३३% | ० | ०% | ० | ०% | ११ | ५२% | ३ | १४% | १४ | ६७% | २१ |
| वडा न-३ | २ | ६% | ७ | २२% | ० | ०% | ९ | २८% | ० | ०% | १ | ३% | १९ | ५९% | ३ | ९% | २३ | ७२% | ३२ |
| वडा न-४ | ३ | १२% | २ | ८% | ० | ०% | ५ | २०% | ० | ०% | ३ | १२% | १५ | ६०% | २ | ८% | २० | ८०% | २५ |
| वडा न-५ | ४ | १४% | ८ | २९% | १ | ४% | १३ | ४६% | २ | ७% | ५ | १८% | ३ | ११% | ५ | १८% | १५ | ५४% | २८ |
| वडा न-६ | २ | ७% | ६ | २१% | ० | ०% | ८ | २८% | ० | ०% | ३ | १०% | १२ | ४१% | ६ | २१% | २१ | ७२% | २९ |
| वडा न-७ | ४ | ३१% | २ | १५% | ० | ०% | ६ | ४६% | ० | ०% | २ | १५% | ५ | ३८% | ० | ०% | ७ | ५४% | १३ |
| वडा न-८ | ४ | ८% | १३ | २५% | ० | ०% | १७ | ३२% | ० | ०% | ७ | १३% | १७ | ३२% | १२ | २३% | ३६ | ६८% | ५३ |
| वडा न-९ | २ | १०% | २ | १०% | ० | ०% | ४ | १९% | ० | ०% | २ | १०% | ११ | ५२% | ४ | १९% | १७ | ८१% | २१ |
| जम्मा | २३ | ९% | ६१ | २३% | १ | ०% | ८५ | ३२% | ३ | १% | २६ | १०% | ११२ | ४२% | ४२ | १६% | १८३ | ६८% | २६८ |

समग्रमा रास्कोट नगरपालिकाको तथ्याङ्क हेर्दा सन् २०२३ मा बाल बिवाह भएको ३२ प्रतिशत मध्ये अधिकतम २३ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म र बाँकि नगन्य प्रतिशत स्नातक वा सो भन्दा माथि पढाई भएकामा बाल बिवाह भएको पाईयो । बाँकि रहेको ६८ प्रतिशत २० वर्ष माथि उमेरको बिवाह मध्ये अधिकतम ४२ प्रतिशत बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने १६ प्रतिशत स्नातक वा सो भन्दा माथि अध्ययन गरेका, १० प्रतिशत आधारभूत तहसम्म र बाँकि १ प्रतिशत बिध्यालय नगएकाहरुमा बिवाह भएको पाईयो ।

तालिका १३: बिवाह हुँदाको र बिवाह पश्चात शैक्षिक अवस्था अनुसार वडागत बिवाहको विवरण

| वडा न | बिवाह पूर्व बिध्यालयमा रहेका | | | | | | | बिवाह पश्चात बिध्यालयमा रहेका | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहसम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | आधारभूत तहसम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा |
| वडा न-१ | ५ | ११% | ३३ | ७३% | ७ | १६% | ४५ | ५ | ११% | ३३ | ७३% | ७ | १६% | ४५ |
| वडा न-२ | ० | ०% | १८ | ८६% | ३ | १४% | २१ | ० | ०% | १७ | ८१% | ४ | १९% | २१ |
| वडा न-३ | ३ | ९% | २६ | ८१% | ३ | ९% | ३२ | ४ | १३% | २४ | ७५% | ४ | १३% | ३२ |
| वडा न-४ | ६ | २४% | १७ | ६८% | २ | ८% | २५ | ६ | २५% | १६ | ६७% | २ | ८% | २४ |
| वडा न-५ | ९ | ३५% | ११ | ४२% | ६ | २३% | २६ | ३ | १७% | ९ | ५०% | ६ | ३३% | १८ |
| वडा न-६ | ५ | १७% | १८ | ६२% | ६ | २१% | २९ | ५ | १७% | १८ | ६२% | ६ | २१% | २९ |
| वडा न-७ | ६ | ४६% | ७ | ५४% | ० | ०% | १३ | ६ | ४६% | ७ | ५४% | ० | ०% | १३ |
| वडा न-८ | ११ | २१% | ३० | ५७% | १२ | २३% | ५३ | ५ | १५% | १७ | ५२% | ११ | ३३% | ३३ |
| वडा न-९ | ४ | १९% | १३ | ६२% | ४ | १९% | २१ | १ | १०% | ६ | ६०% | ३ | ३०% | १० |
| जम्मा | ४९ | १८% | १७३ | ६५% | ४३ | १६% | २६५ | ३५ | १६% | १४७ | ६५% | ४३ | १९% | २२५ |

रास्कोट नगरपालिकामा बिवाह अघि करिब २६५ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ४० (१५ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २२५ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो । शैक्षिक तहगत रुपमा हेर्ने हो भने सबै भन्दा बढी २६ जनाले माध्यमिक तह सम्म पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो भने १४ जना आधारभूत तहमा पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो ।

**तालिका १४: बाल बिवाह भएकाहरुको बिवाह अघि र बिवाह पश्चात शैक्षिक अवस्था अनुसार वडागत बिवाहको विवरण**

| वडा न | बिवाह पूर्व बिध्यालयमा रहेका | | | | | | | बिवाह पश्चात बिध्यालयमा रहेका | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहसम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | आधारभूत तहसम्म | % | माध्यामिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा |
| वडा न-१ | २ | १३% | १४ | ८८% | ० | ०% | १६ | २ | १३% | १४ | ८८% | ० | ०% | १६ |
| वडा न-२ | ० | ०% | ७ | १००% | ० | ०% | ७ | ० | ०% | ७ | १००% | ० | ०% | ७ |
| वडा न-३ | २ | २२% | ७ | ७८% | ० | ०% | ९ | २ | २२% | ७ | ७८% | ० | ०% | ९ |
| वडा न-४ | ३ | ६०% | २ | ४०% | ० | ०% | ५ | ३ | ६०% | २ | ४०% | ० | ०% | ५ |
| वडा न-५ | ४ | ३१% | ८ | ६२% | १ | ८% | १३ | ३ | २७% | ७ | ६४% | १ | ९% | ११ |
| वडा न-६ | २ | २५% | ६ | ७५% | ० | ०% | ८ | २ | २५% | ६ | ७५% | ० | ०% | ८ |
| वडा न-७ | ४ | ६७% | २ | ३३% | ० | ०% | ६ | ४ | ६७% | २ | ३३% | ० | ०% | ६ |
| वडा न-८ | ४ | २४% | १३ | ७६% | ० | ०% | १७ | ४ | २५% | १२ | ७५% | ० | ०% | १६ |
| वडा न-९ | २ | ५०% | २ | ५०% | ० | ०% | ४ | ० | ०% | १ | १००% | ० | ०% | १ |
| जम्मा | २३ | २७% | ६१ | ७२% | १ | १% | ८५ | २० | २५% | ५८ | ७३% | १ | १% | ७९ |

यसरीनै रास्कोट नगरपालिकामा बाल बिवाह गरेकाहरु (८५) मध्ये बिवाह पूर्व २७ प्रतिशत आधारभूत तह सम्म र ७२ प्रतिशत माध्यमिक तहसम्म र १ प्रतिशत स्नातक वा सो भन्दा माथि अध्ययन गरी रहेकोमा बिवाह पश्चात २५ प्रतिशत आधारभूत तह सम्म र ७३ प्रतिशत माध्यमिक तहसम्म अध्ययन गरी रहेको पाईयो । यसर्थ यस अध्ययनले के देखाउछ भने ७ प्रतिशत (८५ जनामा ६ जना) बाल बिवाह पश्चात पढाई छोडेको अवस्थाले बाल बिवाहले पढाईमा नकारात्मक असर पार्ने देखाउछ ।

**तालिका १५: बिवाह भएकाहरुको बिवाह पश्चात पढाई छोड्नेहरुको विवरण**

| वडा नम्बर | बाल बिवाह भएकाहरुको बिवाह पश्चात पढाई छोड्नेहरुको सख्या | २० वर्ष पछि बिवाह भएकाहरुको पढाई छोड्ने सँख्या | जम्मा |
|---|---|---|---|
| वडा न-१ | ० | ० | ० |
| वडा न-२ | ० | ० | ० |
| वडा न-३ | ० | ० | ० |
| वडा न-४ | ० | १ | १ |
| वडा न-५ | २ | ६ | ८ |
| वडा न-६ | ० | ० | ० |
| वडा न-७ | ० | ० | ० |
| वडा न-८ | १ | १९ | २० |
| वडा न-९ | ३ | ८ | ११ |
| **जम्मा** | ६ | ३४ | ४० |

माथि तालिका १४ मा बाल बिवाह गर्नेहरु मध्ये र २० वर्ष पछी बिवाह गर्नेहरु मध्ये बिवाह पश्चात पढाई छोड्नेहरुको सख्याको वडागत विवरण प्रस्तुत गरीएको छ । सबैभन्दा बढी वडा नम्बर ८ र ९ काले बिवाह पश्चात पढाई छाडेको देखियो ।

## ३.२.५ बिवाह तथा गर्भावस्थाको विवरण

**तालिका १६: वडागत रुपमा गर्भावस्थाको विवरण**

| वडा नम्बर | २० वर्ष अघि बिवाह भएकाहरु गर्भवति | | | | | २० वर्ष पछि बिवाह भएकाहरु गर्भवति | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | % | नभएको | % | जम्मा | भएको | % | नभएको | % | जम्मा |
| वडा न-१ | ० | ०% | ११ | १००% | ११ | २ | १४% | १२ | ८६% | १४ |
| वडा न-२ | २ | ४०% | ३ | ६०% | ५ | ० | ०% | ६ | १००% | ६ |
| वडा न-३ | ० | ०% | ४ | १००% | ४ | ० | ०% | १२ | १००% | १२ |
| वडा न-४ | ० | ०% | ४ | १००% | ४ | १ | ८% | १२ | ९२% | १३ |
| वडा न-५ | ३ | ३०% | ७ | ७०% | १० | १ | १७% | ५ | ८३% | ६ |
| वडा न-६ | ० | ०% | ६ | १००% | ६ | २ | २०% | ८ | ८०% | १० |
| वडा न-७ | १ | ३३% | २ | ६७% | ३ | १ | २५% | ३ | ७५% | ४ |
| वडा न-८ | १ | ८% | १२ | ९२% | १३ | ४ | २०% | १६ | ८०% | २० |
| वडा न-९ | २ | ५०% | २ | ५०% | ४ | ३ | ३३% | ६ | ६७% | ९ |
| **जम्मा** | **९** | **१५%** | **५१** | **८५%** | **६०** | **१४** | **१५%** | **८०** | **८५%** | **९४** |

सन् २०२३ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये पनि १५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ जुन धेरै नै हो जसले चाँडै गर्भवति हुने चलन देखाउँछ।

## ३.२.५ बाल बिवाहको अवस्था र कारणहरूको बारेमा जानकारी

**तालिका १७: समुदायमा बाल विवाह र छिटो विवाहको अवस्था**

| वडा नम्बर | छ | % | छैन | % | थाहा छैन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा न-१ | २५ | १००% | ० | ०% | ० | ०% | २५ |
| वडा न-२ | ७ | ६४% | ४ | ३६% | ० | ०% | ११ |
| वडा न-३ | ५ | ३१% | ११ | ६९% | ० | ०% | १६ |
| वडा न-४ | ३ | १८% | १४ | ८२% | ० | ०% | १७ |
| वडा न-५ | ७ | ४४% | ९ | ५६% | ० | ०% | १६ |
| वडा न-६ | ० | ०% | १७ | १००% | ० | ०% | १७ |
| वडा न-७ | ० | ०% | ७ | १००% | ० | ०% | ७ |
| वडा न-८ | ३० | १००% | ० | ०% | ० | ०% | ३० |
| वडा न-९ | २ | १४% | ९ | ६४% | ३ | २१% | १४ |
| **जम्मा** | **७९** | **५२%** | **७१** | **४६%** | **३** | **२%** | **१५३** |

रास्कोट नगरपालिकाका बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाह भै रहेको छ भनि प्रश्न सोध्दा ५२ प्रतिशतले हाल पनि बाल बिवाह र कम उमेरमा बिबाह भै रहेकोछ भनेका छन् ।

**तालिका १८: समुदायमा बाल विवाह र छिटो विवाह हुनाका कारणहरु**

| वडा नम्बर | सामाजिक परम्परा | % | गरीबि | % | उमेर सँज सँगै दाईजो पनि बढ्ने भएर | % | राम्रो परिवारको प्रस्ता आएकोले | % | आफै भागि विवाह गरेको | % | साथिहरुको लहलहैमा लागेर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | २५ | ५४% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ४६ |
| वडा न-२ | १ | ५% | ० | ०% | ० | ०% | ० | ०% | ११ | ५२% | ० | ०% | २१ |
| वडा न-३ | ३ | ९% | १२ | ३८% | ० | ०% | ० | ०% | २ | ६% | ११ | ३४% | ३२ |
| वडा न-४ | ५ | २०% | ५ | २०% | ४ | १६% | ४ | १६% | ११ | ४४% | ४ | १६% | २५ |
| वडा न-५ | ० | ०% | ४ | १४% | १ | ४% | ५ | १८% | १४ | ५०% | ० | ०% | २८ |
| वडा न-६ | १ | ३% | १६ | ५५% | ० | ०% | ० | ०% | ६ | २१% | ० | ०% | २९ |
| वडा न-७ | ७ | ५४% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १३ |
| वडा न-८ | ३ | ६% | १९ | ३६% | ० | ०% | ० | ०% | २४ | ४५% | १७ | ३२% | ५३ |
| वडा न-९ | ४ | १९% | ११ | ५२% | ० | ०% | ० | ०% | ३ | १४% | ३ | १४% | २१ |
| जम्मा | २४ | ९% | ९२ | ३४% | ५ | २% | ९ | ३% | ७१ | २६% | ३५ | १३% | २६८ |

**तालिका १८: समुदायमा बाल विवाह र छिटो विवाह हुनाका कारणहरु**

| वडा नम्बर | भने जस्तो राम्रो परिवार नपाउनु भएर | % | सामाजिक सँजालको बढ्दो प्रयोग | % | यौन हिन्सा जबरजस्ती यौनकरणिको डरले | % | अशिक्षित वा नजानेर | % | अपाङ्गता भएर | % | थाहा छैन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | १ | २% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ४६ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २१ |
| वडा न-३ | १ | ३% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ३२ |
| वडा न-४ | ० | ०% | ४ | १६% | १७ | ६८% | ७ | २८% | ३ | १२% | १ | ४% | २५ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २८ |
| वडा न-६ | ६ | २१% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ३ | १०% | २९ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १३ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ५३ |
| वडा न-९ | ६ | २९% | ० | ०% | ० | ०% | ६ | २९% | ० | ०% | १ | ५% | २१ |
| जम्मा | १४ | ५% | ४ | १% | १७ | ६% | १३ | ५% | ३ | १% | ५ | २% | २६८ |

रास्कोट नगरपालिकाका बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु सोध्दा ३४ प्रतिशत उत्तरहरु गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह भएका बताईन भने २६ प्रतिशत उत्तरहरु आफै भागेर बिवाह गर्ने गरेकोले र १३ प्रतिशत उत्तर साथिहरुको लहलहैमा लागेर बिवाह गर्ने भएकोले यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाह हुने बताईन् ।

जवानसिंह बम,
प्रमुख प्रशासकिय अधिकृत

## ३.२.६ बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु

**तालिका १९: समुदायमा बाल विवाह र छिटो विवाह उन्मूलन वा रोकथाम गर्ने उपायहरु**

| वडा नम्बर | बालबालिकाहरुलाई जनचेतना जगाउने | % | अभिभावकहरुलाई जनचेतना जगाउने | % | कडा कानूनी व्यवस्था लगाएर | % | शिक्षा अनिवार्य गर्ने | % | बाल क्लब तथा सँरक्षण समितीहरु गठन तथा सहभागि गराएर | % | मेडिया बाट जन चेतना | % | आय आर्जन को अवसर सृजना गरेर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | १८ | ७२% | २३ | ९२% | २३ | ९२% | २५ | १००% | ७ | २८% | २ | ८% | ० | ०% | २५ |
| वडा न-२ | ९ | ८२% | ५ | ४५% | ६ | ५५% | २ | १८% | ० | ०% | ० | ०% | ० | ०% | ११ |
| वडा न-३ | ८ | ५०% | १४ | ८८% | १ | ६% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-४ | ८ | ४७% | १२ | ७१% | १५ | ८८% | १७ | १००% | १५ | ८८% | ५ | २९% | १ | ६% | १७ |
| वडा न-५ | १५ | ९४% | १६ | १००% | ७ | ४४% | १ | ६% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-६ | १७ | १००% | ९ | ५३% | ० | ०% | ३ | १८% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| वडा न-७ | १ | १४% | ४ | ५७% | ० | ०% | १ | १४% | १ | १४% | ० | ०% | ० | ०% | ७ |
| वडा न-८ | १५ | ५०% | २४ | ८०% | २४ | ८०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ३० |
| वडा न-९ | १० | ७१% | ६ | ४३% | ४ | २९% | ७ | ५०% | ४ | २९% | २ | १४% | २ | १४% | १४ |
| जम्मा | १०१ | ६६% | ११३ | ७४% | ८० | ५२% | ५६ | ३७% | २७ | १८% | ९ | ६% | ३ | २% | १५३ |

**तालिका १९: समुदायमा बाल विवाह र छिटो विवाह उन्मूलन वा रोकथाम गर्ने उपायहरु**

| वडा नम्बर | रोजगारीको अवसर सृजना | % | उच्च शिक्षाको अवसर सृजना | % | व्यावसायिक शिक्षाको अवसर | % | लागु ओषधिको नियन्त्रण | % | गाउमा सडक नाटक देखाउने | % | यौन र प्रजनन स्वास्थ्य शिक्षा दिने | % | थाहा भएन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २५ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ११ |
| वडा न-३ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-४ | १ | ६% | १ | ६% | १ | ६% | २ | १२% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-६ | ३ | १८% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ७ |
| वडा न-८ | १ | ३% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १ | ३% | ० | ०% | ३० |
| वडा न-९ | ५ | ३६% | १ | ७% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १४ |
| जम्मा | १० | ७% | २ | १% | १ | १% | २ | १% | ० | ०% | १ | १% | ० | ०% | १५३ |

यस पालिकाका बिवाह भएका घरधुरीका उत्तरदातालाई यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाहले निरन्तरता पाई रहेको अवस्थामा यसलाई कसरी हटाउन वा बाल बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ७४ प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर, ६६ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५२ प्रतिशत उत्तरहरु कडा कानुन लागु गरेर, ३७ प्रतिशत

उत्तरहरु समुदायमा अनिवार्य शिक्षा लागु गरेर र १८ प्रतिशत उत्तरहरु बाल क्लब तथा सँरक्षण समितीहरु गठन तथा सहभागि गराएर यस समुदायमा रहेको बाल बिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सक्ने बताईन् ।

## ३.२.७ बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी

**तालिका २०: वालविवाहको कारणले पार्ने नकारात्मक असरहरुको जानकारी**

| वडा नम्बर | विध्यालय जान छोड्ने | % | स्वास्थ्य सम्बन्धी समस्या | % | छिटो गर्भवती र बच्चा हुने | % | सामाजिक कार्यक्रममा सहभागि हुन नसक्ने | % | बाहिर हिड्डुलमा कमि | % | मानसिक स्वास्थ्य मा समस्या | % | आर्थिक समस्या | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | २३ | ९२% | २२ | ८८% | २४ | ९६% | २० | ८०% | २२ | ८८% | ६ | २४% | ० | ०% | २५ |
| वडा न-२ | ८ | ७३% | ८ | ७३% | १० | ९१% | १ | ९% | ० | ०% | ० | ०% | ० | ०% | ११ |
| वडा न-३ | ६ | ३८% | ३ | १९% | १० | ६३% | ० | ०% | १ | ६% | ० | ०% | १ | ६% | १६ |
| वडा न-४ | १० | ५९% | १६ | ९४% | १७ | १००% | १५ | ८८% | ११ | ६५% | ८ | ४७% | ४ | २४% | १७ |
| वडा न-५ | १६ | १००% | १४ | ८८% | ७ | ४४% | ० | ०% | १ | ६% | ० | ०% | ० | ०% | १६ |
| वडा न-६ | ११ | ६५% | १७ | १००% | ५ | २९% | १ | ६% | ० | ०% | १ | ६% | ५ | २९% | १७ |
| वडा न-७ | ० | ०% | ७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ७ |
| वडा न-८ | १५ | ५०% | ८ | २७% | २१ | ७०% | २ | ७% | २ | ७% | २ | ७% | ३ | १०% | ३० |
| वडा न-९ | ९ | ६४% | १२ | ८६% | ६ | ४३% | ५ | ३६% | ७ | ५०% | ४ | २९% | २ | १४% | १४ |
| जम्मा | ९८ | ६४% | १०७ | ७०% | १०० | ६५% | ४४ | २९% | ४४ | २९% | २१ | १४% | १५ | १०% | १५३ |

रास्कोट नगरपालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह र कम उमेरको बिबाहले के कस्ता नकारात्मक असरहरु पार्छ भन्ने प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ७० प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ६५ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने, र ६४ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने नकारात्मक असरहरु हुने बताएकाछन् । तालिका २० मा वडागत रुपमा विष्तृत विवरण दिईएको छ ।

## ३.२.९ बाल बिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी

**तालिका २१: वडागत रुपमा बालविवाहको कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी**

| वडा नम्बर | २० वर्ष भन्दा अगाडी केटा वा केटीलेविवाह गर्नु हुदैन वा गराउनु हुदैन | % | विवाह स्वत बदर हुन्छ | % | विवाह दर्ता हुदैन | % | कैद र जरिवाना तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | १ | ४% | २४ | ९६% | २५ | १००% | १ | ४% | २५ |
| वडा न-२ | २ | १८% | ११ | १००% | ९ | ८२% | ० | ०% | ११ |
| वडा न-३ | १३ | ८१% | ३ | १९% | ० | ०% | ० | ०% | १६ |
| वडा न-४ | १२ | ७१% | १३ | ७६% | १६ | ९४% | १६ | ९४% | १७ |
| वडा न-५ | ७ | ४४% | १४ | ८८% | ७ | ४४% | ० | ०% | १६ |
| वडा न-६ | ९ | ५३% | ७ | ४१% | ७ | ४१% | १३ | ७६% | १७ |
| वडा न-७ | ७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ७ |
| वडा न-८ | ० | ०% | २७ | ९०% | २५ | ८३% | ० | ०% | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-९ | ४ | २९% | ११ | ७९% | ७ | ५०% | १२ | ८६% | १४ |
| **जम्मा** | **५५** | **३६%** | **११०** | **७२%** | **९६** | **६३%** | **४२** | **२७%** | **१५३** |

रास्कोट नगरपालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह र कम उमेरमा बिबाहको कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो जसमा सबै भन्दा बढी ७२ प्रतिशत उत्तरहरु स्वत बिवाह बदर हुने, ६३ प्रतिशत उत्तरहरु बिवाह दर्ता नहुने, ३६ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीलेबिवाह गर्नु हुदैन वा गराउनु हुदैन र २७ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) भन्ने जानकारी भएको पाईयो । यो प्रश्नको उत्तर बहुउत्तरमा आधारित विश्लेषण हो भने तालिका २० मा वडागत रुपमा विष्तृत विवरण दिईएको छ ।

**तालिका २२: वडागत रुपमा बालविवाहको चारैवटा कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी**

| वडा नम्बर | बालविवाहको चारैवटा कानुनी प्रावधानको जानकारी भएको सख्या | % | जम्मा |
|---|---|---|---|
| वडा न-१ | ० | ०% | २५ |
| वडा न-२ | ० | ०% | ११ |
| वडा न-३ | ० | ०% | १६ |
| वडा न-४ | ९ | ५३% | १७ |
| वडा न-५ | ० | ०% | १६ |
| वडा न-६ | १ | ६% | १७ |
| वडा न-७ | ० | ०% | ७ |
| वडा न-८ | ० | ०% | ३० |
| वडा न-९ | ० | ०% | १४ |
| **जम्मा** | **१०** | **७%** | **१५३** |

कुल उत्तरदाता (१५३) मध्ये करीब ७% (१०) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो ।

## ३.२.१० बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान

**तालिका २३: वडागत रुपमा बालविवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा जानकारी**

| वडा नम्बर | वाल अधिकार समिती | % | पालिका तथा वडा कार्यालय | % | निगरानी समूह | % | पुलिस | % | वाल हेल्पलाईन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ५ | २०% | १७ | ६८% | २१ | ८४% | १७ | ६८% | १ | ४% | २५ |
| वडा न-२ | ० | ०% | १० | ९१% | ० | ०% | ११ | १००% | ० | ०% | ११ |
| वडा न-३ | १ | ६% | २ | १३% | ० | ०% | १३ | ८१% | ० | ०% | १६ |
| वडा न-४ | ११ | ६५% | १६ | ९४% | १५ | ८८% | १६ | ९४% | १३ | ७६% | १७ |
| वडा न-५ | ९ | ५६% | ७ | ४४% | १ | ६% | १४ | ८८% | ० | ०% | १६ |
| वडा न-६ | २ | १२% | ० | ०% | ० | ०% | १७ | १००% | ० | ०% | १७ |
| वडा न-७ | ० | ०% | ७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-८ | ११ | ३७% | ५ | १७% | ० | ०% | ३० | १००% | ० | ०% | ३० |
| वडा न-९ | ३ | २१% | ६ | ४३% | ० | ०% | १३ | ९३% | १ | ७% | १४ |
| **जम्मा** | **४२** | **२७%** | **७०** | **४६%** | **३७** | **२४%** | **१३१** | **८६%** | **१५** | **१०%** | **१५३** |

रास्कोट नगरपालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ८६ प्रतिशत उत्तरहरु पुलिसमा, ४६ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, २७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, १० प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा र २४ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ । यो प्रश्नको उत्तर बहुउत्तरमा आधारित विश्लेषण हो भने तालिका २३ मा वडागत रुपमा विष्तृत विवरण दिईएको छ ।

## ३.२.११ बाल  बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ

**तालिका २४:  वडागत रुपमा बालविवाह उन्मूलनको लागि समुदायमा कस्को  भूमिका रहन्छ**

| वडा नम्बर | वालबालिका स्वयम | % | परिवार | % | बालक्लब तथा सँजाल | % | युवाक्लब तथा सँजाल | % | वडा कार्यालय | % | पालिका | % | समुदाय र धार्मिक नेता | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | ० | ०% | ४ | १६% | ५ | २०% | ३ | १२% | २ | ८% | ० | ०% | २५ |
| वडा न-२ | २ | १८% | ७ | ६४% | ५ | ४५% | २ | १८% | ४ | ३६% | १ | ९% | ० | ०% | ११ |
| वडा न-३ | ० | ०% | ३ | १९% | ० | ०% | ० | ०% | १ | ६% | ० | ०% | ० | ०% | १६ |
| वडा न-४ | १२ | ७१% | ६ | ३५% | १६ | ९४% | १७ | १००% | १४ | ८२% | १३ | ७६% | १२ | ७१% | १७ |
| वडा न-५ | १० | ६३% | १३ | ८१% | १ | ६% | २ | १३% | ३ | १९% | ० | ०% | ० | ०% | १६ |
| वडा न-६ | ० | ०% | ० | ०% | ६ | ३५% | २ | १२% | २ | १२% | ० | ०% | ० | ०% | १७ |
| वडा न-७ | ० | ०% | ० | ०% | ४ | ५७% | २ | २९% | १ | १४% | ० | ०% | ० | ०% | ७ |
| वडा न-८ | ० | ०% | २ | ७% | १९ | ६३% | ६ | २०% | १७ | ५७% | ६ | २०% | ० | ०% | ३० |
| वडा न-९ | १ | ७% | ० | ०% | ७ | ५०% | १० | ७१% | ४ | २९% | ३ | २१% | १ | ७% | १४ |
| जम्मा | **२५** | **१६%** | **३१** | **२०%** | **६२** | **४१%** | **४६** | **३०%** | **४९** | **३२%** | **२५** | **१६%** | **१३** | **८%** | **१५३** |

**तालिका २४:  वडागत रुपमा बालविवाह उन्मूलनको लागि समुदायमा कस्को  भूमिका रहन्छ**

| वडा नम्बर | पुलिस | % | सामाजिक सँघ सस्थाहरु | % | वाल अधिकार समिती | % | शिक्षकहरु | % | सहकारी | % | स्वास्थ्य कर्मि | % | अन्य | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | २० | ८०% | १ | ४% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २५ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ११ |
| वडा न-३ | १३ | ८१% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-४ | १० | ५९% | ९ | ५३% | ५ | २९% | ४ | २४% | ४ | २४% | ४ | २४% | ० | ०% | १७ |
| वडा न-५ | ४ | २५% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १६ |
| वडा न-६ | १७ | १००% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १७ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ७ |
| वडा न-८ | १३ | ४३% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ३० |
| वडा न-९ | ७ | ५०% | १ | ७% | ० | ०% | १ | ७% | १ | ७% | २ | १४% | ० | ०% | १४ |
| जम्मा | ८४ | ५५% | ११ | ७% | ५ | ३% | ५ | ३% | ५ | ३% | ६ | ४% | ० | ०% | १५३ |

कुल उत्तरदाता (१५३) मध्ये ५५ प्रतिशत प्रतिक्रियाहरू पुलिसले, ४१ प्रतिशत बाल क्लब र सँजालले, ३२ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने त्यसरीनै ३० प्रतिशत युवा क्लब र सँजालले, २० प्रतिशत परिवारले र १६ प्रतिशत पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् । यसर्थ यि माथि सुझाएका सरोकारबालहरुसँग समुदायमा रहेको बालबिवाह रोक्न सहकार्य गर्न जरुरी देखिन्छ ।

## ३.२.१२ बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी

**तालिका २५: वडागत रुपमा बालविवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा जानकारी**

| वडा नम्बर | थाह भएको | % | थाह नभएको | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | २५ | १००% | ० | ०% | २५ |
| वडा न-२ | ३ | २७% | ८ | ७३% | ११ |
| वडा न-३ | ६ | ३८% | १० | ६३% | १६ |
| वडा न-४ | १७ | १००% | ० | ०% | १७ |
| वडा न-५ | ८ | ५०% | ८ | ५०% | १६ |
| वडा न-६ | ० | ०% | १७ | १००% | १७ |
| वडा न-७ | ४ | ५७% | ३ | ४३% | ७ |
| वडा न-८ | २० | ६७% | १० | ३३% | ३० |
| वडा न-९ | ३ | २१% | ११ | ७९% | १४ |
| जम्मा | ८६ | ५६% | ६७ | ४४% | १५३ |

समग्रमा मात्र ५६ प्रतिशत (१५३ को ८६) उत्तरदाताले मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी भएको बताएका छन् । वडागत हिसाबले हेर्दा सबै भन्दा बढी १०० प्रतिशत वडा नम्बर १ र ४ का अनि ६७ प्रतिशत वडा नम्बर ८ का र ५७ प्रतिशत वडा नम्बर ७ का यस सर्बेक्षणमा भाग लिएका सहभागिहरुलाई समुदायमा बालबिवाह उन्मूलनका क्षेत्रमा काम गर्ने संस्थाको ज्ञान रहेको छ ।

# एकाइ ४ निष्कर्ष र सुझाब (Conclusion and Recommednations)

प्लान इन्टरनेशनल नेपालले नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह, छीटो बिवाह र जबर्जस्ती बिवाह (CEFM) को प्रचलन घटाउन स्थानीय कार्यान्वयन साझेदार गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा गर्ल्स गेट ईक्वल (GGE) परियोजना कार्यान्वयन गर्दै आएको छ । यो परियोजनाले कालिकोट जिल्लाको रास्कोट, सान्नीत्रिवेणि र नरहरीनाथ पालिकाहरुमा आफ्ना क्रियाकलापहरु कार्यान्वयन गर्दै आएको छ । यस परियोजनाले शिक्षा, आर्थिक सशक्तिकरण, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) र जीवन सीपको बढ्दो ज्ञान मार्फत आफूलाई सुरक्षित राख्न र आफ्नो भविष्यको बारेमा छनौट गर्न किशोर किशोरी र केटाहरूको एजेन्सी बढाउन खोज्ने बृहत् दृष्टिकोण अपनाएको छ। महत्त्वपूर्ण रूपमा, यस परियोजनाले बाल बिवाह, छीटो बिवाह र जबर्जस्ती बिवाह (CEFM) निम्त्याउने हानिकारक अभ्यासहरू विरुद्ध समुदायहरूको मान्यताहरू परिवर्तन गर्ने लक्ष्य राख्छ र लक्षित युवाहरूलाई मर्यादा र अधिकार प्रदान गर्न र उनीहरूले बिवाह ढिलाइ गर्न नीतिगत वातावरणलाई सुदृढ गर्ने योजना रहेको छ । यस परियोजनाले अभिभावक, बालबालिका, समुदायका व्यक्तिहरू, स्थानीय सरकारी अधिकारीहरू र प्रतिनिधिहरू लगायतका समुदायका नेताहरू र विशेष गरी बाल बिवाह, छीटो बिवाह र जबर्जस्ती बिवाह (CEFM) बारे सचेतना र क्षमता अभिबृद्दिमा केन्द्रित छ । कोभिड–१९ को महामारी प्रतिबन्धका र भौगोलिक स्थानको दुर्गमताका बाबजुद पनि परियोजनाले आफ्नो कार्यक्षत्र पालिकाहरु बालबिवाह र छीटो बिवाह घटाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ।

## ४.१ निष्कर्ष

समग्रमा ७७ (४०.५० प्रतिशत महिला तथा ३६.५० प्रतिशत पुरुष) प्रतिशत (सन् २०२२ मा ८० प्रतिशत) सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर १ र ४ का सहभागिलाई बढी (१००%) थाह भएको पाईयो । वडागत हिसाबले हेर्दा वडा नम्बर ७ र ९ का सहभागिहरुलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा कम जानकारी भएको पाईयो ।

विगत चार बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ६७ प्रतिशत, सन् २०२१ मा ६१ प्रतिशत, सन् २०२२ मा ५१ प्रतिशत र सन् २०२३ मा ३२ प्रतिशत बाल बिवाह र छिटो बिवाहको दर पाईयो जुन अझै बाल बिवाह मुक्त घोषणा गर्न तोकेको दर भन्दा बढी नै हो ।

सन् २०२३ मा समग्रमा ३२ प्रतिशल बाल बिवाह भएको मध्ये ९ प्रतिशलले १८ बर्ष मुनि विवाह गरेको देखिन्छ भने २३ प्रतिशलले १८ बर्ष देखि १९ बर्षको उमेरमा विवाह गरेको देखिन्छ ।

यस पालिकाको वडा नम्बर १, ३ र ६ मा अघिल्लो ४ बर्षको बालबिवाह वा छिटो बिवाह उल्लेख्य रुपमा कमि आएको देखिन्छ । यो बर्ष वडा नम्बर ७ मा अघिल्लो बर्ष भन्दा बाल विवाह बढी भएको पाईयो जुन सन् २०२२ मा ४१ प्रतिशत थियो भने यो बर्ष बढेर ४६ प्रतिशत भएको छ ।

जम्मा बिवाह भएको मध्ये ७ प्रतिशत महिलाहरुको र २ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष मुनि भएको पाईयो भने १५ प्रतिशत महिलाहरुको र ७ प्रतिशत पुरुषहरुको बाल बिवाह १८ बर्ष देखि १९ बर्षको उमेरमा भएको पाईयो ।

जनकसिंह बम
प्रमुख प्रशासकिय अधिकृत

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी १८.२७ प्रतिशत दलित समुदायमा भएको पाईयो भने १३.४३ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो ।

सन् २०२३ अवधिमा जम्मा भएको बिवाह मध्ये करिब ३ (२६८ मध्ये ९) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि ९७ (२६८ मध्ये २५९) प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । तर बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह गरी दिएको घटना पाईएन । आफ्नै ईच्छाले ८५ जनाले बाल बिंवाह गरेको मध्ये ७१ प्रतिशत महिलाको र बाँकि २९ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो ।

२० वर्ष उमेर पछि बिवाह भएको (१८३) मध्ये जम्मा २६ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जसमा १५ प्रतिशत महिलाहरुको बिवाह दर्ता भएको देखियो भने पुरुषहरुको हकमा ११ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो ।

समग्रमा रास्कोट नगरपालिकाको तथ्याङ्क हेर्दा सन् २०२३ मा बाल बिवाह भएको ३२ प्रतिशत मध्ये अधिकतम २३ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म र बाँकि नगन्य प्रतिशत स्नातक वा सो भन्दा माथि पढाई भएकामा बाल बिवाह भएको पाईयो ।

रास्कोट नगरपालिकामा बिवाह अघि करिब २६५ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ४० (१५ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २२५ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो ।

सन् २०२३ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये पनि १५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ जुन धेरै नै हो जसले चाँडै गर्भवति हुने चलन देखाउँछ।

३४ प्रतिशत उत्तरहरु गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह भएका बताईन भने २६ प्रतिशत उत्तरहरु आफै भागेर बिवाह गर्ने गरेकोले र १३ प्रतिशत उत्तर साथिहरुको लहलहैमा लागेर बिवाह गर्ने भएकोले यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाह हुने बताईन् ।

७४ प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर, ६६ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५२ प्रतिशत उत्तरहरु कडा कानुन लागु गरेर, ३७ प्रतिशत उत्तरहरु समुदायमा अनिवार्य शिक्षा लागु गरेर र १८ प्रतिशत उत्तरहरु बाल क्लब तथा सँरक्षण समितीहरु गठन तथा सहभागि गराएर यस समुदायमा रहेको बाल बिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सक्ने बताईन् ।

सबै भन्दा बढी ७० प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ६५ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने र ६४ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने बाल बिवाहका नकारात्मक असरहरु हुने बताएकाछन् ।

सबै भन्दा बढी ७२ प्रतिशत उत्तरहरु स्वत बिवाह बदर हुने, ६३ प्रतिशत उत्तरहरु बिवाह दर्ता नहुने, ३६ प्रतिशत उत्तरहरु २० वर्ष भन्दा अगाडी केटा वा केटीलेबिवाह गर्नु हुदैन वा गराउनु हुदैन र २७ प्रतिशत उत्तरहरु कैद र जरिवाना (तीन वर्ष र तीस हजार रुपैया सम्म गर्ने र गराउने दुबैलाई) भन्ने बाल बिवाहको कानुनी प्राबधान रहेको जानकारी भएको पाईयो ।

तर कुल उत्तरदाता (१५३) मध्ये करीब ७% (१०) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो ।

८६ प्रतिशत उत्तरहरु पुलिसमा, ४६ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, २७ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, १० प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा र २४ प्रतिशत उत्तरहरु निगरानी समूहमा बाल बिवाह भएको खण्डमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ ।

५५ प्रतिशत प्रतिक्रियाहरू पुलिसले, ४१ प्रतिशत प्रतिक्रियाहरू बाल क्लब र सँजालले, ३२ प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने त्यसरीनै ३० प्रतिशत युवा क्लब र सँजालले, २० प्रतिशत परिवारले र १६ प्रतिशत पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् ।

समग्रमा मात्र ५६ प्रतिशत (१५३ को ८६) उत्तरदाताले मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी भएको बताएका छन् ।

## ४.२ सुझाब

बाल बिवाहको चलन भएको वडाहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरु पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहको चलन बढी भएको समुदायहरु जस्तै दलित समुदाय भएको गाउहरुमा विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहभै सकेका बाल बालिकाहरुलाई लक्षित गरी बाल बिवाह भएता पनि ढिलो गर्भवति हुने वा ढिलो बच्चा जन्माउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

सन् २०२३ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाह र छिटो बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर पछि बिवाह भएको (१८३) मध्ये जम्मा २६ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जसमा १५ प्रतिशत महिलाहरुको बिवाह दर्ता भएको देखियो भने पुरुषहरुको हकमा ११ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो । तसर्थ २० वर्ष उमेर पछि बिवाह भएका सबैको बिवाह दर्ताको लागि वडा कार्यालयहरु सँग मिलेर बिवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।

समग्रमा रास्कोट नगरपालिकाको तथ्याङ्क हेर्दा सन् २०२३ मा अधिकतम २३ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म पढाई भएकाहरु

बाल बिवाह भएको पाईयो तसर्थ बाल बिवाह उन्मूलनको लागि ति उमेर समुहका बाल बालिका तथा युवाहरुमा जनचेतनामा जोड दिनु जरुरी देखिन्छ ।

रास्कोट नगरपालिकामा बिवाह अघि करिब २६५ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ४० (१५ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २२५ जनाले मात्र बिवाह पश्चात पढाई शुचारु गरेको पाईयो । तसर्थ कुनैपनि बाल बालिकालाई शिक्षाबाट बन्चित गराउनु नहुने हुनाले बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल बिवाह भै सकेकाहरुको पनि शिक्षालाई निरन्तरताको लागि पहल गर्नु पर्ने देखिन्छ ।

सन् २०२३ मा बिवाह भएका महिलाहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये १५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको साथ साथै जन्मान्तर तथा ढिलो गर्भवती सम्बन्धि जनचेतना समुदायमा तथा बिवाह भै सकेकाहरुमा पुर्याउनु पर्ने देखिन्छ ।

३४ प्रतिशत उत्तरहरु गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह भएका बताईन भने २६ प्रतिशत उत्तरहरु आफै भागेर बिवाह गर्ने गरेकोले र १३ प्रतिशत उत्तर साथिहरुको लहलहैमा लागेर बिवाह गर्ने भएकोले यस समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाह हुने बताईन् । यसर्थ पालिका तथा वडा कार्यालयहरु सँग समन्वय गरी गरिब वर्गको आय आर्जन बढाउन काम गर्नु पर्ने देखिन्छ ।

कुल उत्तरदाता (१५३) मध्ये ७ प्रतिशत (१०) लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा जनचेतना जगाउन वडा कार्यालय पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।